सधैंभरि लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन



गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला । सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३७८ साउन २१ बिहिबार,२०७८, August- 5 Thursday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## बाणिज्य संघ टुङ्गो लाग्दै

❖ मुलुकी संवाददाता

*त्रियुगा, साउन २०*

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुरको विवाद आईतबार टुङ्गो लाग्ने भएको छ। पछिल्लो समय अदालात पुगेको संघको झगडा अदालातले कार्यबाहक अध्यक्ष रमेश रसाईलीले अध्यक्ष गजेन्द्र भगतलाई कारबाही गर्नुको कारण प्रमाण पेश गर्नु लगाएसँगै यो समस्या समाधान हुने भएको हो । अदालातले आईतबार मुद्धाको सुनवाई गदैछ ।

## बेल्टारमा बत्ती बन्द

❖ मुलुकी संवाददाता

*त्रियुगा, साउन २०*

चौदण्डीगढी नगरपालिका बेल्टारमा आज बिहिबार बिहान ७ बजेदेखि बेलुका ६ बजेसम्म बिजुली अबरुद्ध हुने भएको छ । प्राधिकरणले पूर्व सुचना जारी गरेर बत्ती मर्मत सम्भारको लागि बिजुली बन्द गर्न लागेको हो ।

# बिकास भनेको यो हो ।



उदयपुर जिल्लाको पूर्वी चौदण्डीगढी नगरपालिका बेल्टारमा रहेको नगरपालिकाको नबनिर्मित भबन। ६ करोड ५० लाख लगानीमा निर्मित नगरपालिकाको भबनमा केहि हप्तामा देखि सेवा सुरु हुने भएको छ। हाल नगरपालिका विगतको बेल्टार गाविस भबनमा रहेको सानो कार्यालयबाट नै सेवा दिदै आएको छ। ब्यबस्थित भबन नहुँदा सेवाग्राहीहरुले कष्टकर तरिकाले सेवा लिन बाध्य भएका थिए ।

तस्बिर - बुद्धि कुमार राई

# मेयर यो के हो ?

❖ मुलुकी संवाददाता





*बेलका, साउन २०*

उदयपुर जिल्लाको पूर्वी बेलका नगरपालिकाका नगरप्रमुख मेयर दुर्गाकुमार थापाले नगरबासकीको कुनै पनि सामान्य आधारभुत काम पनि गरेको पाईएको छैन ।

बेलका नगरपालिकाको कार्यालय रहेको रामपुर बरगाछी बजारमा रहेको यो सोलार सडक बत्ती हावाले उडाएर झारेको एक बर्ष बढि भयो । उनी रामपुर बजारको कुमारी बैङ्क भएको भबनमा निबासमा बस्छन् । यो सोलार बत्ती बरगाछी भन्दा अगाडी रामपुर बजार क्षेत्र प्रवेश गर्नुबितिकै दाहिने साईडमा अलपत्र अवस्थामा देखिन्छ। अहिलेसम्म मेयर थापाले यो सोलार बनाउन तपरको कुरा उठाएर राख्न समेत आदेश दिएका छैनन्। लाखौं लगानी परेको सोलार अहिले बिग्रेको अवस्थामा छ ।

# गाईघाटमा वाईफाईको मनोमानी

❖ बुद्धि कुमार राई

*गाईघाट, साउन २०*

उदयपुर जिल्लाको सदर मुकाम गाईघाटमा अहिले विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले

इन्टरनेट वाईफाई सेवाको ब्यापार गरिरहेको छ। गाईघाटका प्रमोद जङ कार्की सुविसु केबलनेटको ब्यापार गर्दछन्। उनले त्रियुगा नगरपालिकाको गाईघाट ११ , पुरानो गाईघाट १२, खैजनपुर २, जोगिदह १, भातिखर्क १३, असारी १३, जलजले ६, जाल्पा चिलाउने १६, सुकौरा १६ क्षेत्रमा सेवा प्रदान गरिरहेको छ । त्यस्तै सुविसुको रौतामाई गाउँपालिकाको ७ मुर्कुची, उदयपुरगढी गाउँपालिकाको नेपालटारमा पनि सेवा प्रदान गरि रहेको सञ्चालक प्रमोद जङ कार्कीले जानाकारी दिए । सुबिसुको सेवा लिन सेवाग्राहीले सुरुमा तिन हजार ५ सय भुक्तानी गरेपछि सुरुको एक महिना निशुल्क वाईफाई चलाउन सक्नेछ। सुबिसु इन्टरनेट सेवाको वाईफाई चलाउने हो भने मासिक न्युनतम ९ सय, अधिकतम २६ सयसम्म तिरेपछि १० एमविपिएस देखि ७५ एमविपिएससम्म क्षमताको वाईफाई चलाउन सकिने कम्पनीले जनाएको छ। सुबिसुमा मासिक २६ सय तिरेर ७५ एमविपिएसको वाईफाई जडान गर्दा ६४ जनाले सो वाईफाई सजिलै चलाउन सकिने कम्पनीको दावी छ। - *बाँकी ३ पेजमा*

WORLDLINK Internet Users

नेपाल टेलिकम

vianet
अब सधैं connected



## सम्पादकीय

# राम्रो गाईघाट हाम्रो गाईघाट

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारले अहिले पछिल्लो समय पुरै रुप फेरेको छ । अहिले गाईघाट बजारको मदनभण्डारी लोकमार्गको बरुवा खोलादेखि आँखा अस्पतालसम्म करिब दूई किलोमिटर सडकको दुबै तर्फ दाँया बाँया सडकपेटी खुल्ला रहेको छ । पैदलयात्री हात फिँजाएर खुलमखुल्ला हिड्न पाएका छन्। त्रियुगा नगर प्रहरीले आफ्नो तनमन दिएर काम गरेका छन्। त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मेयर, उपमेयर, नगरपालिकाका अन्य कर्मचारीहरु पनि अहिले गाईघाट बजारलाई सुन्दर बनाउन हरकदम लागिरहेका छन् ।

अहिले पछिल्लो समय जिल्ला ट्राफिक प्रहरी कार्यालयको अभियान, नगर प्रहरी कार्यालयको सम्वनय, नगर प्रहरी कार्यालयको सक्रियताले बजारको सडकपेटी चुस्तदुरुस्त छ । बजारको ब्यबस्थामा सुधार आएको छ । यस्तो अबस्था आउनुमा अहिले बजारबासी पनि सचेत भएका छन् । बजारमा आउने आगन्तुकहरुलाई के थाहा छ भने सडकपेटीमा सामान राख्नुहुँदैन । सडकपेटीमा मोटरसाईकल पार्किङ गर्नु हुँदैन भन्ने चेतना सिर्जना भएको छ । सडक पेटीमा ब्यापार गर्नेहरु अहिले ब्यबस्थित बजारको खोजीमा सडकपेटीबाट उठिसकेका छन् । उनीहरु सडकपेटीमा अब्यबस्थित तरिकाले बस्नुभन्दा भाडा तिरेर ब्यबस्थित पसल खोल्ने योजना बुनिरहेका छन् । सडकपेटीमा मोटरसाईकल पार्किङ गरेर सडकपेटीमा पैदलयात्रुलाई हिड्न अबरोध गर्नेहरु अहिले ट्राफिक प्रहरीको फाईन चिटले हैरान भएका छन् । उनीहरु अहिले सडकपेटीमा मोटरसाईक्ल राख्नुहुँदैन भनेर अरुलाई सिकाईरहेका छन्। मोटरसाईक्लधनीहरुले अब त्रियुगा नगरपालिकाको गाईघाट बजारको मुख्यचोकदेखि पिपलचोकसम्म दुबै लाईनमा मिलाएर मोटरसाईकल, कारहरु पार्किङ गर्नेछन् । त्यस्तै बिधुत मार्गको एक साइड, बैङ्क लाईनको एक साइड मिलाएर पार्किङ गर्नेछन् । त्यस्तै जिके पुस्तक पसलदेखि त्रियुगा नगरपालिकाको वडा नम्बर ११ को वडा कार्यालयसम्म पनि मोटरसाईकल कार पार्किङ गर्न सक्नेछन् ।

अब गाईघाटबासी, नगरबासीले गाईघाट बजारलाई ब्यबस्थित बनाउन योगदान गर्नेछन् । बजार सुन्दर, हराभरा, ब्यबस्थित हुनेछ । यसको लागि सबैभन्दा बढि गाईघाटको ब्यापारीहरुलले योगदान गर्नुपर्नेहुन्छ । बजारमा किनमेल गर्न आउनेहरुलाई पनि ब्यापारीहरुले मोटरसाईकल पार्किङ गर्ने ठाउँ देखाईदिनेछन् । मोटरसाईक्लहरु मिलाएर पार्किङ गर्दा नयाँ सुन्दर र सुरक्षित भएको महसुस हुनेछ। बजारमा सवारी दुर्घटना नहुने आधार बन्नेछ। त्रियुगा नगरपालिकाले अहिलेसम्म पनि गर्न चाहेर पनि गर्न नसकेको काम अब हुँदैछ। बजारलाई ब्यबस्थित गर्न सबै तह, तप्काका कर्मचारी, नगर प्रहरी, ट्राफिक प्रहरी, नगरवासी, बजारबासी, ब्यापारीहरुले यी राम्रा कामको श्रय मान्नेछन् ।



| | | |
|---|---|---|
| १, | आलु | रु ४० |
| २, | अदुवा | रु १६० |
| ३, | टमाटर | रु ६० |
| ४, | बन्दा | रु ६० |
| ५, | भेन्टा | रु ८० |
| ६, | खुर्सानी | रु २०० |
| ७, | मुला | रु ६० |
| ८, | पर्बल | रु १०० |
| ९, | तितेकरेला | रु ६० |
| १०, | भिन्डी | रु ८० |
| ११, | च्याउ | रु २४० |
| १२, | काउली | रु १६० |
| १३, | पर्सी | रु ५० |
| १४, | कटहर | रु ४० |
| १५, | काँका | रु ७० |
| १६, | धनियाँ | रु ८० |
| १७, | लोकल बोडी | रु ८० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु १०० |
| २०, | लट्टे साग | रु ६० |
| २१, | प्याज | रु ७० |
| २२, | निगुरो | रु २५ |
| २३ | दुध | रु. ७० |
| २४, | दही | रु ९० |
| २५, | मोही | रु ५० |
| २६, | घ्यु | रु ७०० |
| २७, | राँगाको मासु | रु ४०० |
| २८, | बंगुरको मासु | रु ४०० |
| २९, | खसीको मासु | रु १,००० |

*स्रोत: तरकारी बजार व्यवस्थापन समिति*

# दिनहुँ कोबिड संक्रमित बढ्दै

❖ बुद्धि कुमार राई

***उदयपुर, साउन २०***

निशेधाज्ञा हटाइएसँगै उदयपुरमा पछिल्लो समय कोविड संक्रमितहरु बढ्न थालेका छन् । पछिल्लो ३ दिनयता जिल्लामा सरदर ३० को हाराहारीमा नयाँ संक्रमित पाउन थालिएपछि कोविड कहर पुन: फैलिदै गएको संकेत देखिएको हो ।

सोमबार १४ संक्रमित पाइएकोमा मंगलबार १३ महिलासहित २२ संक्रमित थपिएका थिए । त्यस्तै पछिल्लो २४ घण्टामा १७ महिलासहित ३७ जना संक्रमित थपिएका छन् । बुधबार स्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार १२ जना त्रियुगा नगरपालिकामा थपिँदा चौदण्डीगढीमा ८ जना थपिएका छन् । बेलका नगरपालिकामा ५ जना थपिँदा ताप्ली गाउँपालिकामा ४ जना संक्रमित थपिएको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीले बताए।

अहिले जिल्लामा १ सय ३६ महिलासहित ३ सय ७ जना सक्रीय संक्रमित रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । त्यस्तै निको हुनेमा १ हजार २ सय ३५ महिलासहित २ हजार ६ सय ७० जना रहेका छन् ।

# रौतामा किशोरीलाई तालिम नै तालिम

❖ बुद्धि कुमार राई

***उदयपुर, साउन २०***

किशोर किशोरीलाई सूचनाको हकबारे जानकारी गराइएको छ । जिल्लाको रौतामाई गाउँपालिकाको आयोजनामा गाउँपालिकाका किशोर किशोरीलाईसूचनाको हक सम्वन्धी तालिम दिइएको हो ।

संबिधानले गरेको व्यवस्था अनुसार सुचनाको हकलाई ग्रामिण क्षेत्रसम्म पुर्याउने उदेश्यले जाल्पा एकीकृत विकास समाज (जिड्स) उदयपुर र वर्ल्डभिजन इन्टरनेशनलको साझेदारीमा तालिम आयोजना गरिएको हो । तालिममा संस्थाले सञ्चालन गर्दै आएको सामना परियोजना अन्तर्गतका कार्यक्षेत्रभित्रका ४० किशोर किशोरीको सहभागिता थियो ।

तथालिममा सूचनाको हक सम्बन्धी संविधानले व्यवस्था गरेका बिषयबस्तुको आधारभुत ज्ञानबारे नेपाल पत्रकार महासंघ उदयपुरका अध्यक्ष भरत खड्का, सूचनाको हक राष्ट्रिय सञ्जाल प्रदेश संयोजक राजु श्रेष्ठ र प्रदेश सदस्य विवेक आले मगरले सहजीकरण गरेका थिए ।

उनीहरुले सहजीकरणको क्रममा सूचनाको हकको माध्यमबाट स्थानीयस्तरमा सुशासन कायम गर्न, उत्तरदायी बन्न, भ्रष्टाचार न्यूनिकरण र मानवअधिकारको प्रत्याभूत गर्ने विषयमा जानकारी गराएको जिड्सका अध्यक्ष पुष्पराज पोखरेलले बताए । उनका अनुसार सूचनाको हक प्रयोग गरेर सबैलाई सुचित हुने अधिकार दिलाउने उदेश्यले संस्थाले लिएको छ ।







# गाईघाटदेखि जाने बसहरुको गाडी भाडा



| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट रुपनी | १५९.८६ |
| गाईघाट राजबबीराज | १८५.०९ |
| गाईघाट ईटहरी | ३३७.९२ |
| गाईघाट धरान | ३७१.२० |
| गाईघाट बीराटनगर | ३८२।७२ |
| गाईघाट बीर्तामोड | ५३८.४८ |
| गाईघाट काकडभीठा | (५५६.८० |
| गाईघाट मींचैया | १६८.२७ |
| गाईघाट कटारी | २५२.४० |
| गाईघाट ढल्केवर | २६०.८३ |
| गाईघाट जनकपुर | ३०१.३१ |
| गाईघाट चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट पथलैया | ५०४.८२ |
| गाईघाट बीरगन्ज | ५८०.१० |
| गाईघाट हेटौडा | ५९६.९९ |
| गाईघाट नारायणघाट | ७४०.४२ |
| गाईघाट काठमाण्डौं | ११०३९.७ |
| गाईघाट पोखरा | १०९०.२१ |
| गाईघाट जलजले चुहाडे | ४४.८० |
| गाईघाट कालीखोला | ६४.०० |
| गाईघाट होक्से | ७६.८० |
| गाईघाट नाम्च | ८९.६० |
| गाईघाट कौवाई | ११५.२० |
| गाईघाट मुर्कुची | १२८.०० |
| गाईघाट अधेरी | १५३.६० |
| गाईघाट फर्से | १६६.४० |
| गाईघाट देउराली | १७९.२० |
| गाईघाट नेपालटार | १९२.०० |
| गाईघाट रामपुर | ३२१.२८ |
| गाईघाट जाँते | ७६८.०० |





नगर सफाईमा त्रियुगा नगरपालिकाको सक्रियता। त्रियुगा नगरपालिका उदयपुरका कर्मचारी नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारको मुख्य चोकदेखि टेम्पोचोकसम्मको सडकबिचको बिरुवाको झार जङ्गल उखेल्दै बाँया। त्रियुगा नगरपालिका उदयपुरका नगर प्रहरी गाईघाट बजारको सडकपेटीमा राखेर पैदलयात्रुलाई हिड्न अबरुद्ध गर्ने ब्यापारीहरुको सामान जफत गरेर समन्धित निकाय पुरानो गाईघाटस्थित हवाईफिल्डमा रहेको तरकारी बजारलाई बुझाउँदै। तस्बिर - बुद्धि कुमार राई

## वाईफाई .........

सुबिसु वाईफाईको १० एमविपिएसको मासिक शुल्क ९ सय पाँच, १२ एमविपिएस एक हजार २०, १५ एमबि ११ सय ३०, २० एमविपिएस १३ सय, ३० एमविपिएस १४ सय ५०, ३५ एमविपिएस १६ सय ४०, ४५ एमविपिएसको १७ सय ५२, ७५ एमविपिएस २३ सय २५ मासिक भुक्तानी गर्नुपर्ने हुन्छ। मासिक ११ सय ९० तिर्दा १२ एमविपिएस सहित टिभी पर्न हेर्न सकिनेछ। त्यस्तै उदयपुर सदरमुकाम गाईघाटमा सबैभन्दा धेरै सेवाग्राही भएको इन्टरनेट सेवा हो वर्ल्डलिङ्क सेवा।

गाईघाट शाखाका प्रमुख युरिक पोखरेलका अनुसार २०७५ सालदेखि वर्ल्डलिङ्कले गाईघाटमा सेवा प्रदान गर्न सुरु गरेको हो। प्रमुख पोखरेलका अनुसार हाल वर्ल्डलिङ्कले पूर्वमा बरुवा बसपार्क, पानी ट्याङ्की, मोतिगडा, चाँप, जलजले, चुहाडेका २५ सय सेवाग्राहीहरुलाई वाईफाईको सेवा प्रदान गर्दै आईरहेका कम्पनीले जनाएको छ।

वर्ल्डलिङकमा भने न्युनतम २० एमबिपिएसदेखि ८० एमबिपिएससम्मको क्षमताको वाईफाई सेवा दिदैं आएको छ। वर्ल्डलिङ्कको वाईफाई सेवा लिन परेमा सुरुमा ३४ सय ८० रुपैया तिनुपर्ने हुन्छ। त्यसमा तार, राउटर, निशुल्क पाईनेछ। वर्ल्डलिङ्कमा ३० एमबिएस क्षमताको वाईफाईको मासिक १२ सय ४३ तिर्नुपर्दछ। अर्को तेस्रो धेरै सेवाग्राही भएको इन्टरनेट सेवा प्रदायक संस्था हो नेपाल टेलिकम।

नेपाल टेलिकम उदयपुर शाखाका प्रमुख धमेन्द्र प्रसाद यादबका अनुसार २०७८ साल बैशाख ६ गतेदेखि उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारमा पनि तार रहित इन्टरनेट सेवाको लागि टेलिकमले सेवा बिस्तार गरिरहेको छ। फाईबर टेलिफोन इन्टरनेट एफटिटिएल फाईबरदेखि घर कोठा सम्म इन्टरनेट सेवा पुग्ने टेलिकमले जनाएको छ। तिब्र गतिको सेवा दिईने भनिएको एफटिटिएच हाई स्पिड, इन्टरनेट फाईबर २२ क्यापिसिटी दखि १८ सय क्षमतको हुनेछ। एडिएसएल फाईबर ८ सय मताको सेवा गाईघाटको आँखा अस्पताल, मोतिगडा, जलजले लाइनमा सेवा दिईसकेको छ। एडिएसएल फाईबरको नेपाल टेलिकमको सेवाको लागि बार्षिक ८ हजार रकम तिरे पुग्नेछ।

बार्षिक ८ हजार तिरेमा ८ एमबिपिएस क्षमतको इन्टरनेट सेवा र राउटर निशुल्क नेपाल टेलिकमले दिने गर्दछ। १५ एमबिपिएस क्षमतको कम्बो न्युनतम एक हजार ५ सय फि कल सेवा पाईनेछ। त्यस्तै उदयपुरको गाईघाटमा इन्टरनेट सेवा प्रदान गर्ने अन्य कम्पनीहरुमा टेकमेन, एबिसि, भिनेट कम्पनीले पनि वाईफाई सेवा प्रदान गरिरहको छ।


मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठ: प्रति सेमि कोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ५०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
प्याकेट: ७५,०००/-












उदयपुर जिल्लाको बेलका नगरपालिका रामपुर बजार बुद्धचोकमा रहेको फुटबल खेलमैदान । ज्ञतस्बिर - बुद्धि कुमार राई





त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः-**बिनोदकुमार पाण्डे** सम्पर्कः- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४, ९८५२८३७५८२





# प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

# नारायणी ग्याँस
# गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट